नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (विकास सहायता समन्वय शाखा)

प.सं. २०७५/०७६ (विसस)  चलानी संख्याः ८९६
मिति २०७५/१२/१३

विषयः **साना विकास परियोजना कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रकृयाका सम्बन्धमा भएको परिमार्जन सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिहरु (सवै) ।
श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका (सवै) ।

भारतीय सरकारको सहायतामा संचालन हुने साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रकृयाका सम्बन्धमा यस पूर्व नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/३/२४ को निर्णयबाट भएको व्यवस्थामा केही परिमार्जन हुने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ मा निर्णय भएकाले आवश्यक जानकारी एवं कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

लिलाराज काफ्ले
शाखा अधिकृत

**बोधार्थः**
श्री सूचना तथा प्रविधि शाखाः यसै साथ संलग्न पत्रहरु मन्त्रालयको वेवमा अपलोड गरिदिनु हुन ।

वि ५५५२।।

नेपाल सरकार
# अर्थ मन्त्रालय
(अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १६०६१
मिति:- २०७५/१२/११

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- IECCD/2075-76
च. नं.:- २६२६

मिति: २०७५/१२/११

विषय :- भारत सरकारको सहायतामा संचालित साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रकृया तोकिएको सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

यस मन्त्रालयको च.नं.२९८८ मिति २०७५/०३/३१ को उल्लिखित विषयको पत्र प्राप्त गर्नु भइ ब्यहोरा अवगत भएकै छ ।

सो विषयका सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/११/२८ को बैठकले निम्नानुसार निर्णय गरेको हुंदा तहांको जानकारी तथा कार्यान्वयनको लागि अनुरोध छ ।

**निर्णय भएको ब्यहोरा**

1. साविक निर्णय नं. २ (ख) को अन्त्यमा देहायको वाक्यांश थप गर्ने:

   सो वाहेक अन्य निकायवाट संञ्चालन हुने आयोजनाको हकमा द्विपक्षीय सहमती वमोजिम हुनेछ

2. साविक निर्णय नं. २ (ङ) को सट्टा देहायको २ (ङ) राखे:

   निर्माणको चरणमा रहेका पुराना आयोजनाहरु साविकमा जुन जिल्ला विकास समितिसंग सम्झौता भएको हो सोही जिल्लाको जिल्ला समन्वय समितिबाटै सम्पन्न गर्ने ।

बोधार्थ:

श्री परराष्ट्र मन्त्रालय
दक्षिण एसिया महाशाखा
सिंहदरवार, काठमाडौं ।

(मधुसुधन पौडेल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

विषयः साना विकास परियोजनाको कार्यान्वयनको लागि नेपाल तथा भारत सरकार बीच भएको सम्झौताको कार्यान्वयनको लागि तोकिएको परियोजना कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रक्रियाका सम्वन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/२४ को निर्णयमा केही संशोधन गर्ने।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीवाट स्वीकृति प्राप्त मिति – २०७५/११/१९

१. विषयको संक्षिप्त व्यहोरा

भारत सरकारको अनुदान सहायतामा सञ्चालित साना विकास परियोजनाहरुको कार्यान्वयन स्थानीय
निकाय तथा गैरसरकारी संस्थाहरु मार्फत् गर्ने गरी सन् २००३ नोभेम्वर ७ मा नेपाल सरकार र भारत
सरकारबीच सम्झौता भएको थियो। सम्झौता पटक-पटक नवीकरण भई कार्यान्वयनमा रहेकोमा
पछिल्लो पटक मिति २०७४/०८/१४ को मन्त्रिपरिषद्को निर्णयअनुसार सम्झौताको म्याद केही
संशोधनसहित सन् २०२० अगष्ट ४ सम्म थप गरिएको छ। प्रस्तुत सम्झौताअनुसार प्राप्त हुने सहायता
विगतमा जिल्ला विकास समिति मार्फत् कार्यान्वयन हुने गरेकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति
२०७५/०३/२४ को निर्णयबाट यस्ता सहायता परियोजनाहरु स्थानीय तह मार्फत् गर्ने गरी कार्यान्वयन
गर्ने निकाय र कार्यान्वयन प्रक्रिया तोकिएको। यसरी तोकिएको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन
प्रक्रियाको कारण साना विकास आयोजनाको कार्यान्वयनमा केही समस्या देखिएकोले प्रक्रियागत
सरलीकरणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/२४ वाट स्वीकृत भारत
सरकारको सहायतामा संचालित साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन
प्रक्रियामा केही संशोधन गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा

मिति २०७५/०३/२४ गते नेपाल सरकार मन्त्रिपरिषद्वाट स्वीकृत भारत सरकारको सहायतामा
संचालित साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय तथा कार्यान्वयन प्रक्रिया तोकिएको निर्णय
र सोही निर्णय सम्वन्धमा अर्थ मन्त्रालय अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट संघीय
मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मिति २०७५/०३/३१ मा तथा नेपालस्थित भारतीय
राजदूतावासमा गरिएको जुलाई १८, २०१८ को पत्राचारको छायाँप्रतिहरु यसै साथ संलग्न छ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/२४ को निर्णयवाट तोकिएको भारत सरकारको
सहायतामा सञ्चालित साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रक्रियाको
कारण सो निर्णय हुनु अघि कार्यान्वयनमा गई सकेका एवं सम्झौता समेत भई सकेका साना विकास
आयोजनाको कार्यान्वयनमा समस्या देखिएकोले प्रक्रियागत सरलीकरणको लागि भारत सरकारको
सहायतामा सञ्चालित साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रक्रियामा केही

संशोधन गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्न माननीय मन्त्रीबाट मिति २०७५/११/१९ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या २१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने ब्यहोरा

साविक साना विकास परियोजनाको कार्यान्वयनको लागि नेपाल तथा भारत सरकार बीच भएको सम्झौताको कार्यान्वयनको लागि कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रक्रिया तोक्ने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०३/२४ को निर्णयमा देहायबमोजिम संशोधन गर्नेः-

१) साविक निर्णय नं. २ (ख) को अन्त्यमा देहायको वाक्यांश थप गर्नेः

सो बाहेक अन्य निकायबाट सञ्चालन हुने आयोजनाको हकमा द्विपक्षीय सहमति बमोजिम हुनेछ।

२) साविक निर्णय नं. २ (ङ) को सट्टा देहायको २(ङ) राख्नेः

निर्माणको चरणमा रहेका पुराना आयोजनाहरु साविकमा जुन जिल्ला विकास समितिसँग सम्झौता भएको हो सोही जिल्लाको जिल्ला समन्वय समितिबाटै सम्पन्न गर्ने।

मिति २०७५/११/२२

राजन खनाल

सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(विकास सहायता समन्वय शाखा)

प.सं. २०७५/०७६ (विसस) चलानी संख्याः: ०५

मिति :- २०७५०/४/०३

विषय : साना विकास परियोजनाहरूको कार्यान्वयन गर्ने निकाय तथा कार्यन्वयन प्रक्रियाका सम्बन्धमा।

सवै महानगरपालिका/उपमहानगरपालिका/नगरपालिकाहरू
सवै जिल्ला समन्वय समितिहरू
सवै गाउँपालिकाहरू

भारतीय अनुदान सहायता अन्तर्गत संचालन हुने साना विकास परियोजनाहरूको कार्यान्वयन गर्ने निकाय तथा सो को कार्यान्वयन प्रक्रियाका सम्बन्धमा अर्थ मन्त्रालयबाट प्राप्त पत्र आवश्यक जानकारी एवं कार्यार्थ यसै साथ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(लिला राज काफ्ले)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः सूचना मन्त्रालयको वेव साईटमा अपलोड गरिदिनु हुन।

नेपाल सरकार
अर्थ मन्त्रालय
(अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा)

पत्र संख्याः- अ.आ.स.स.म/०७४/७५
च. नं.:- २९८८

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०७५/०३/३१

विषय :- भारत सरकारको सहायतामा संचालित साना विकास परियोजनाको कार्यान्वयन गर्ने निकाय र कार्यान्वयन प्रक्रिया तोकिएको सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रस्तुत विषयमा नेपाल तथा भारत सरकार बीच भएको सम्झौताअनुसार भारतीय अनुदान सहायतामा कार्यान्वयन हुने साना विकास परियोजनाहरुको कार्यान्वयन गर्ने निकाय तथा सोको कार्यान्वयन प्रक्रिया सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०३/२४ को बैठकले निम्नानुसार निर्णय गरेको हुँदा जानकारी तथा कार्यान्वयनको लागि अनुरोध छ ।

निर्णय भएका ब्यहोरा

१। संशोधित सम्झौताअनुसार कार्यान्वयन गर्ने निकायको रुपमा नगरपालिका तथा गाउँपालिकालाई तोक्ने ।

२। परियोजनाको कार्यान्वयन देहाय बमोजिमको ढाँचा (Modality) अनुसार गर्ने :-

क) भारत सरकारको सहायतामा संचालित परियोजनाहरुको लागि प्राप्त हुने रकम संघीय संचित कोषमा प्राप्त गरी संविधान बमोजिमको सशर्त अनुदानको रुपमा सम्बन्धित स्थानीय तहमा पठाउने ।

ख) सहायता परियोजनाहरु स्थानीय तह मार्फत संचालन गर्ने । परियोजनाको प्रस्ताव सम्बन्धित स्थानीय तहले संक्षिप्त अवधारणापत्र सहित नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पठाउने । अर्थमन्त्रालयले यस्ता परियोजनाहरु भारत सरकारको सहायतामा संचालन गर्ने/नगर्ने यकिन गरी भारतीय दुतावासमार्फत भारत सरकारसमक्ष पठाउने ।

ग) नेपाल सरकार र भारत सरकार बीच परियोजनामा सहमति भएपश्चात कार्यान्वयनको लागि नेपाल सरकार र भारत सरकारबीच वित्तीय सहायता सम्झौता गर्ने । सोको आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित स्थानीय तहका बिच परियोजना कार्यान्वयन सम्झौता गर्ने

टेलिफोन नं.: बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९२, राजस्व व्य.म. ४२११८०९, अ.आ.स.स.म. [illegible]
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.डी.ए.डी. ४२११[illegible]
फ्याक्स नं. ४२११९६४, ४२११३७८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

पत्र संख्या:-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।

घ) परियोजनाको बार्षिक प्रगति प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालयलाई उपलब्ध गराउने ।

ङ) निर्माणको चरणमा रहेका पुराना परियोजनाहरु जुन स्थानीय तहमा संचालन भईरहेका छन् सोही स्थानीय तहले सम्पन्न गर्ने ।

च) नेपाल सरकारले सहमति प्रदान गरेको तर परियोजना कार्यान्वयन सम्झौता नभएको हकमा सम्झौता तथा सहायता परिचालन यसै अनुरुप हुने ।

छ) भारतीय दुतावासले प्रस्ताव गरेको तर अर्थ मन्त्रालयले सहमति प्रदान गर्न बाँकी रहेका परियोजनाहरुलाई नयाँ परियोजनाको रुपमा प्रक्रिया अगाडी बढाउने ।

(ओमप्रकाश भट्टराई)
शाखा अधिकृत

बोधार्थ:

श्री परराष्ट्र मन्त्रालय
दक्षिण एसिया महाशाखा
सिंहदरबार, काठमाडौं

टेलिफोन नं.- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८३७, अ.आ.स.म. ४२११८३८
आ.नि.वि.व. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा ए.म. ४२११८१३, वि.सो.व्य.म. ४२११८७७
फ्याक्स नं. ४२११६६४, ४२११३४८ (बजेट म.), ४२११८६२, (अ.आ.स.म.)
इमेल - admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np